आज मिति २०८२ आश्विन २६ गते आइतवारका दिन ६३ औं कार्यपालिका बैठक महाङ्काल गाउँपालिकाका अध्यक्ष श्री गणेश बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितीमा देहायका प्रस्तावहरु माथी छलफल गरि निर्णयहरु गरियो।

**उपस्थित**

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री गणेश बहादुर के.सी. | अध्यक्ष | |
| श्री डोल्मा माया गोले | उपाध्यक्ष | |
| श्री राम प्रसाद घिमिरे | सदस्य | |
| श्री जोनी कुमार न्यासुर | सदस्य | |
| श्री मनोज कुमार पराजुली | सदस्य | |
| श्री कृष्ण प्रसाद तिमल्सिना | सदस्य | |
| श्री भुमिनन्द घिमिरे | सदस्य | |
| श्री विनोद चौरेल | सदस्य | |
| श्री लक्ष्मी संजेल | सदस्य | Laxman. |
| श्री देवी माया लामा | सदस्य | |
| श्री मन्दिरा तिमल्सिना घिमिरे | सदस्य | |
| श्री रेनुका संजेल | सदस्य | Renuka |
| श्री गुप्त बहादुर ब्राहमु | सदस्य | |
| श्री चित्र कुमारी विश्वकर्मा | सदस्य | चित्र कुमारी |
| श्री सन्दिप न्यौपाने | सदस्य सचिव | |

**सहजकर्ता**

| | | |
|---|---|---|
| श्री शरोज वेल्वासे | प्रशासन शाखा | |
| | | |
| | | |
| | | |

मिति २०८२ साल आश्विन २६ गतेको ६३ औं कार्यपालिका बैठका प्रस्ताव तथा निर्णयहरु:

प्रस्ताव नं. १. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।

प्रस्ताव नं. २. "घ" वर्गको इजाजत सम्बन्धमा।

प्रस्ताव नं. ३. राष्ट्रिय रोजगार कार्यक्रम कार्यन्वयन गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ४. सातौं तह कायम (सूचना प्रबिधि अधिकृत) गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ५. कार्यविधि अनुमोदन सम्बन्धमा।

प्रस्ताव नं. ६. प्रधानमन्त्री रोजगार, कफी र मानीखेल सामुदायिक भवन तथा अन्य समपुरक कोषमा विनियोजित बजेट सम्बन्धमा।

प्रस्ताव नं. ७. धामीखोला सरसफाई सम्बन्धमा।

प्रस्ताव नं. ८. डिजेल पम्प खरिद बापतको रकम भुक्तानी दिने सम्बन्धमा।

प्रस्ताव नं. ९. विविध सम्बन्धमा।

## निर्णयहरू:

निर्णय नं. १. प्रस्ताव नं. १ माथि छलफल गर्दा गाउँ कार्यपालिकाको अघिल्लो बैठकका निर्णयहरुको कार्यन्वयनका सम्बन्धमा समिक्षा तथा छलफल गरियो।

निर्णय नं. २. प्रस्ताव नं. २ माथि छलफल गर्दा महाङ्काल गा.पा. वडा नं. ४ स्थित दाहाल निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. कम्पनी रजिष्टारको कार्यालयको दर्ता नं. ३७३८९९/८२/८३ मा दर्ता भई "घ" वर्गको इजाजतको लागि आवश्यक कागजात सहित मिति २०८२ साल भाद्र २० गते पेश निवेदन पेश गरेको हुनाले श्री दाहाल निर्माण सेवा एण्ड सप्लायर्स लाई "घ" वर्गको इजाजत पत्र प्रदान गर्ने निर्णय गरीयो।

निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा आर्थिक वर्ष २०८२।०८३ मा राष्ट्रिय रोजगार कार्यक्रम सञ्चालनको निमित्त श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतको "आन्तरिक रोजगार व्यवस्थापन महाशाखा" को मिति २०८२।०४।१८ को च.नं. ५ को पत्रानुसार स्थानीय तहमा न्यूनतम रोजगारीको क्रियाकलाप सञ्चालन गर्दा विगतमा सञ्चालित प्रधानमन्त्री रोजगाटर कार्यक्रमको मापदण्डलाई आधार मानी स्थानीय तहको कार्यापालिकाबाट निर्णय गरी सञ्चालन गर्ने भनी निर्देशन भए बमोजिम आ.व. २०८२।०८३ मा रोजगार आयोजनाहरु संचालन गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २१ को उपदफा ३ मा उल्लेखति बेरोजगार व्यक्तिहरुको छनोटको आधारहरुको आधारमा सुचिकृत बेरोजगार व्यक्तिहरु मध्येबाट वडा समितिबाट नै प्राथमिकताक्रम सूची निर्धारण गर्ने निर्णय सर्वसहमतले गरियो।

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर ... 
अध्यक्ष

मिति २०८२ साल आश्विन २६ गतेको ६३ औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः

**निर्णय नं. ४.** प्रस्ताव नं. ४ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम (PLGSP) को मिति २०८२।०६।०५ च.नं. ५९, को पत्रानुसार स्थानीय तहबाट सेवा करारमा लिई कामकाज गर्ने सूचना प्रविधि अधिकृतको सेवा, सुविधा, कार्यविवरण तथा जिम्मेवारी निर्धारण तथा संघ, प्रदेश र स्थानीय तहका सूचना प्रविधिका क्षेत्रमा आवश्यक सहकार्य तथा समन्वय लगायतका कार्यमा सूचना प्रविधि अधिकृत परिचालन गर्न "आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६" को दफा ६५ को उपदफा ४ बमोजिम नेपाल सरकार (मा.मन्त्रिस्तर) को मिति २०८२।०५।१९ को निर्णयानुसार स्वीकृत भई "स्थानीय तहमा सूचना प्रबिधी अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२" लागु भए अनुसार उक्त कार्यविधिको दफा ६ को उपदफा १ बमोजिम सूचना प्रविधि अधिकृतलाई स्थानीय तहको सातौं तहको अधिकृत स्तरमा सम्झौता गरी कामकाज गराउन सक्नेछ भनी व्यवस्था भए बमोजिम यस गाउँपालिकामा कार्यरत सूचना प्रबिधि अधिकृतलाई स्थानीय तहको सातौं तहको अधिकृत स्तरमा आजको मिति देखि लागु हुने गरि सम्झौता गर्ने निर्णय सर्वसहमतले गरियो।

**निर्णय नं. ५.** प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०८२।०८३ मा कार्यन्वयन हुने गरी वार्षिक स्वीकृत कार्यक्रम "स्वरोजगारका लागि प्रविधि सहयोग अनुदान" कार्यक्रम कार्यन्वयनको लागि **"सीपमुलक तालिममा सहभागी व्यक्तिहरुको लागि प्रबिधि तथा अनुदान वितरण कार्यविधी-२०८२"** सर्वसहमतले स्वीकृत गर्ने निर्णय गरीयो।

**निर्णय नं. ६.** प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. २०८२।०८३ को बजेट कार्यक्रम अन्तर्गत **"प्रधानमन्त्री रोजगार, कफी र मानीखेल सामुदायिक भवन तथा अन्य समपुरक कोष"** मा विनियोजित बजेट रकम रु. ५० लाखबाट तपसिलका योजनाहरु सञ्चालन गर्ने निर्णय सर्वसहमतले गरियो।

तपसिल

| क्र.स. | योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | राष्ट्रिय रोजगार कार्यक्रम | रु. १५ लाख ८८ हजार | |
| २ | मानिखेल सामुदायिक भवन निर्माण | रु. १० लाख | |
| ३ | कफि पर्वद्धन कार्यक्रम (ठूलादुर्लुङ्ग) | रु. १२ लाख | |

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर के.सी.
अध्यक्ष

**मिति २०८२ साल आश्विन २६ गतेको ६३ औं कार्यपालिका बैठका प्रस्ताव तथा निर्णयहरुः**

निर्णय नं. ७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा धामीखोलाले बगाएर ल्याएको ढुङ्गा, गिट्टी सहितको माटोको व्यवस्थापन सम्बन्धमा, यस गाउँपालिकाको वडा नं. ३, गोटिखेल बजारहुँदै बहने मुल खोलाको उतर दिशा तर्फ व्यवस्थापन गरी उक्त स्थानलाई समतल बनाउने र सो कार्य गर्न ढुवानीको लागि आवश्यक पर्ने टिफर (ठूलो) भाडामा लिन तपसिलको सर्तको अधिनमा रहि सूचना प्रकाशन गर्ने निर्णय सर्वसहमतले गरियो।

तपसिल

टिफर संख्याः- ४
टिफर सञ्चालन गर्ने समयः- विहान ९ बजे देखि साझ ५ बजे सम्म
भाडामा लिने अवधिः- कम्तिमा १५ दिन
प्रति दिन भाडा दरः- १६ हजार (घटाघट मूल्यमा)

निर्णय नं. ८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँपालिकामा रहेको डिजेल पम्प व्यवस्थापन गर्नको लागि डिजेल पम्प खरिद कार्य आ.व. २०८१।०८२ मा समपन्न भएको भएता पनि वील लगायतका अन्य विवरण मिति २०८२ साल अषाढ २५ गते कार्यालय समय पछि मात्र प्राप्त भई भुक्तानी हुन नसकेकोले डिजेल पम्प खरिद बापतको रकम रु. ४ लाख २५ हजार यस आ.व. २०८२।०८३ मा डिजेल भण्डारण कक्षमा डिजिटल मेशिन जडान शीर्षकबाट रु. ४ लाख र अपुग २५ हजार रुपैया अध्यक्षसंग फुटकर कार्यक्रम शीर्षकबाट भुक्तानी हुने गरी श्री अर्निका टेर्डस, विरगंजलाई ससमेसिन खरिद बापतको रकम रु. ४ लाख २५ हजार भुक्तानी दिने निर्णय सर्वसहमतले गरियो।

निर्णय नं. ९. प्रस्ताव नं. ८ विविध माथि छलफल गर्दा तपसिल बमोजिमको निर्णय गरीयोः

क) महाङ्काल गाउँपालिका वडा नं. ४, कालेश्वर निवासी श्री कर्ण बहादुर गोलेको निवेदन माग अनुसार मिति २०८२ साल आश्विन १८ गते देखि आएको हावाहुरी र वर्षाको कारण निजको कच्ची घरमा आंशिक क्षति पुगेको भनी निवेदन पेश गरेको हुनाले निजलाई रु. २५ हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो।

ख) महाङ्काल गाउँपालिका वडा नं. ५, चन्दनपुर निवासी इन्द्र प्रसाद सापकोटाको मिति २०८२।०५।०३ मा आएको अविरल वर्षाको कारण घर पूर्ण रुपमा भत्किएर घरमा भएका सामाग्रीहरु पुरिन गइ काम नलाग्ने भएको भनि निवेदन पेश गरेको हुनाले निजलाई रु. ५० हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

मिति २०८२ साल आश्विन २६ गतेको ६३ औं कार्यपालिका बैठका प्रस्ताव तथा निर्णयहरु:

ग) यस गाउँपालिकामा कार्यरत रोजगार सहायक श्री अनिस सुनामको मिति २०८२ साल आश्विन मसान्तबाट करार म्याद सकिन लागिरहेको हुनाले कार्यालयको आवश्यकता लाई मध्येनजर गरी यसै आ.व. को पौष मसान्त सम्मको लागि ३ महिनाको लागि करार म्याद थप गर्ने निर्णय सर्वसहमतले गरियो।

घ) वर्तमान अवस्थामा हरेक स्थानीय तहहरुले चालुखर्च कटौती गर्नैपर्ने संघीय सरकारको नीति र यस गाउँपालिकाले पनि सञ्चालनमा रहेका सवारी साधन मर्मत तथा व्यवस्थापन सम्बन्धमा छलफल गर्दा सम्पूर्ण २ पाङ्ग्रे सवारी साधनको मर्मत खर्च कटौती गर्ने र कार्यालय प्रयोजनको वाहेक कुनै पनि पदाधिकारीहरुले सरकारी सवारी साधन प्रयोग नगर्ने र चारपाङ्ग्रे सवारी साधन मध्ये स्कर्पियो ६७४२ बाहेकका सवारीसाधन विशेष कार्यालय प्रयोजन बाहेक अन्य प्रयोजनमा नचलाउने साथै आजको मितिले ७ दिन भित्र सम्पूर्ण चार पाङ्ग्रे तथा दुई पाङ्ग्रे सवारी साधन प्रयोग कर्ताहरुले कार्यालयमा वुझाउनुहुन समेत निर्देशन दिने निर्णय सर्वसहमतले गरियो।

ङ) मिति २०८२ साल भाद्र १८ गतेको कार्यपालिकाको निर्णय बमोजिम मिति २०८२ भाद्र १९ गते व्याक हो लोडर भाडामा लिने सम्वन्धी सूचना बमोजिम रित पूर्वक पर्न आएका सिलवन्दी कोटेशन मध्ये श्री मुनलाइट निर्माण सेवा प्रा.लि., महाङ्काल-४, ललितपुरले पेश गरेको दरभाउ पत्र अनुसार न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्राभावग्राही भइ स्वीकृत भएको र मिति २०८२ भाद्र ३० गतेको सम्झौता बमोजिम वर्षायाममा वाढी, पहिरो लगायतका विपद् कारण भत्के विग्रेका पालिका भित्रका मुल तथा शाखा सडकहरुको मर्मत कार्य सम्पन्न भएकोले श्री मुनलाइट निर्माण सेवा प्रा.लि., महाङ्काल-४, ललितपुरलाई प्राविधिक मूल्याङ्कन बमोजिमको रकम विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरीयो।

च) मिति २०८२ साल आश्विन ०९ गते श्री बज्रयोगीनी अटो वर्कशप, चापागाँउ, टाहाखेलबाट प्राप्त निवेदन अनुसार यस गाउँपालिकावाट सम्झौता गरी गाउँपालिकामा रहेका चार पाङ्ग्रे सवारी साधनहरु मर्मत वापतको तपसिलमा उल्लेखित फर्मबाट वील पेश भए बमोजिम श्री बज्रयोगीनी अटो वर्कशपलाई रकम रु. ३,०१,८६६.३१ (अक्षरुपि तीन लाख एक हजार आठ सय छैसट्ठी दशमलव एकतीस मात्र) एकमुष्ट भुक्तनी गर्ने निर्णय सर्वसहमतले गरियो।

तपसिल

| क्र.स. | फर्मको नाम | जम्मा रकम | कैफियत |
|---|---|---|---|
| १ | सान्भी अटो ट्रेडर्स | ४४८०४.५ | |
| २ | विशाल अटो ट्रेडर्स | ३१०९७.६० | |
| ३ | डेल्टा हार्डवेयर एण्ड मटेरियल सप्लायर्स प्रा.लि. | ८९०१४.२० | |
| ४ | तिरुपति बालाजी टायर वर्ल्ड प्रा.लि. | २९६००.०१ | |
| ५ | जमदम्बा इन्जिनियरिङ्ग | १०७३५० | |
| | जम्मा | ३०१८६६.३१ | |

सञ्जय न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर के.सी.
अध्यक्ष